# मिति २०८२/०९/१८ गतेको कार्यपालिका निर्णयहरु

<table>
<tr><th>क्र.स.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>१</td><td>समिक्षा सम्बन्धमा।</td><td>आ.व २०८२/०८३ मा हालसम्म योजनाहरुको कार्यान्वायनको प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो।</td></tr>
<tr><td>२</td><td>विषयगत समिति वैठक सम्बन्धमा।</td><td>विषयगत समितिको वैठक २०८२ पौष २५ गते भित्र गर्ने र मौजुदा कानुन उपर छलफल र अन्य विषयवस्तुमा छलफल गरी सोको प्रतिवेदन विधायन समितिमा पेश गर्न लगाउने सर्वसम्मत निर्णय गरियो।</td></tr>
<tr><td>३</td><td>गाउँसभाको १८ औँ अधिवेशन सम्बन्धमा।</td><td>गाउँसभाको १८ औँ अधिवेशन पौष २९ गते सुरु हुने गरि आह्वान गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>४</td><td>संघीय समपूरक र विशेष अनुदानको आयोजना प्रस्ताव सम्बन्धमा।</td><td>आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन गरिने संघीय समपुरक तथा विशेष अनुदान अन्तर्गतका आयोजनाहरू छनौट तथा सूचीकृत गरी, प्राथमिकताका आधारमा आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>५</td><td>SEE उत्कृष्ट विद्यार्थी सम्मान कार्यक्रम सम्बन्धमा।</td><td>२०८२ सालको SEE परिक्षामा सहभागी हुने विद्यार्थीलाई प्रोत्साहन गर्नको लागि SEE मा तपशिल बमोजिमको उत्कृष्ट नतिजा (GPA) प्राप्त गर्ने विद्यार्थीलाई देहाय अनुसारको प्रोत्साहन रकम पुरस्कार स्वरुप प्रदान गर्ने निर्णय गरियो।
<table>
<tr><th>क्र.स.</th><th>GPA</th><th>पुरस्कार रकम</th></tr>
<tr><td>१</td><td>४.० GPA प्राप्त गर्नेलाई</td><td>रु. १ लाख</td></tr>
<tr><td>२</td><td>३.९० – ३.९९ GPA प्राप्त गर्नेलाई</td><td>रु. ५० हजार</td></tr>
<tr><td>३</td><td>३.८० – ३.८९ GPA प्राप्त गर्नेलाई</td><td>रु. २५ हजार</td></tr>
<tr><td>४</td><td>३.७० – ३.७९ GPA प्राप्त गर्नेलाई</td><td>रु. २० हजार</td></tr>
<tr><td>५</td><td>३.६० – ३.६९ GPA प्राप्त गर्नेलाई</td><td>रु. १५ हजार</td></tr>
<tr><td>६</td><td>३.४० – ३.५९ GPA प्राप्त गर्नेलाई</td><td>रु. १० हजार</td></tr>
</table></td></tr>
<tr><td>६</td><td>गाउँपालिका मातहतका कार्यालयहरुमा शहिदहरुको फोटो राख्ने सम्बन्धमा।</td><td>बारपाक सुलिकोट गाउँपालिका क्षेत्रभित्र स्थायी ठेगाना भई विभिन्न समयका जनआन्दोलन तथा परिवर्तनका क्रममा सहादत प्राप्त गरी नेपाल सरकारको राजपत्रमा शहीद घोषणा भई नाम समावेश भएका शहीदहरूको आधिकारिक विवरण संकलन गरी, एकरूपता कायम हुने गरी फोटो फ्रेम गर्ने र निजहरूको तस्विर (फोटो) गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरूमा राख्ने निर्णय गरियो।</td></tr>
</table>

| | | |
|---|---|---|
| ८ | **विविध ।** | क) बारपाक सुलिकोट गाउँपालिका भित्र दर्ता भएका तर हाल निष्कृय अवस्थामा रहेका सहकारी संस्थाहरुको भौतिक एवं वित्तीय सम्पत्तिको विवरण संकलन गरी सकृय बनाउने अन्यथा खारेजी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।<br><br>ख) बारपाक सुलिकोट गाउँपालिका वडा नं. ४, सौरपानी स्थित पुरानो स्वास्थ्य चौकीको भवन हाल प्रयोगविहीन अवस्थामा रहेकोले, र सौरपानी प्रहरी कार्यालयबाट कार्यालय प्रयोजनका लागि माग भएकाले सो भवनलाई आवश्यक मर्मत सम्भार गरी **सौरपानी प्रहरी चौकी**को नियमित कामकाज र सुरक्षा व्यवस्थापनका लागि प्रयोग गर्न दिने निर्णय गरियो ।<br><br>ग) यस गाउँपालिकाको वडा नं. ४, हुँडिफाँट स्थित निर्माणाधीन "शहीद प्रेम ढकाल स्मृति आधारभूत (१५ शैय्या) अस्पताल" सञ्चालनका निम्ति आवश्यक स्वास्थ्य सम्बन्धी उपकरण तथा औजारहरूको सहयोग उपलब्ध गराइदिन गण्डकी प्रदेश सरकारलाइ पत्राचार गर्ने निर्णय गरियो ।<br><br>घ) विद्यालय व्यवस्थापन समितिको कार्यकाल समाप्त भइसकेको सन्दर्भमा विद्यालयको शैक्षिक, प्रशासनिक तथा व्यवस्थापकीय कार्यलाई निरन्तर, प्रभावकारी र विधिसम्मत रूपमा सञ्चालन गर्न नयाँ विद्यालय व्यवस्थापन समिति गठन गर्नु आवश्यक देखिएको हुँदा, प्रचलित कानुन तथा कार्यविधिअनुसार नयाँ समिति गठनका लागि आवश्यक सूचना प्रकाशन गर्ने निर्णय गरियो । |